Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**मानवअधिकार स्थिति अद्यावधिक**
**मिति : ०७२ भदौ २९**
**अन्तिम अपडेट : २१०० बजे**

## संविधान आउने दिन गन्ती सुरु

संविधानसभाले हालसम्म संविधानको परिमार्जित विधेयक, ०७२ को १ सय ७६ ओटा धारा पारित गरेको छ । संविधानसभाको भदौ २७ र २८ गते बैठकले विधेयकका ५७ धारा पारित गरेको थियो । संविधानसभाको भदौ २९ गतेको बैठकले धारा ५८, ५९ , ६०, ६१, ६२, ६३, ६४ र ६५ लाई पारित गरेको छ। विधेयकको धारा ५८ अन्तर्गत अवशिष्ट अधिकार, धारा ५९ मा आर्थिक अधिकारको प्रयोग, धारा ६० मा राजस्व स्रोतको बाँडफाँड, धारा ६१ मा राष्ट्रपति र उपराष्ट्रपति, ६३ मा राष्ट्रपतिको निर्वाचन, ६४ मा राष्ट्रपतिको पदावधि र धारा ६५ मा राष्ट्रपतिको पद रिक्त हुने व्यवस्था रहेको छ ।

संविधान जारी गर्ने मिति आफूसँग परामर्श नै नगरी तय गरिएको र निम्तो दिइएको भन्दै राष्ट्रपति डा. रामवरण यादवले असन्तुष्टि पोखेपछि उनलाई संविधान जारी गर्न संविधानसभामा उपस्थित गराउने प्रस्ताव पारित आजको संविधानसभाको बैठकले पारित गरेको छ । बैठकले नेपालको संविधानको परिमार्जन विधेयक, २०७२ आगामी असोज ३ गते संविधान जनतासमक्ष प्रारम्भ भएको घोषणा गर्ने मिति निर्धारणसम्बन्धी प्रस्तुत प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो ।

संविधानसभाले संविधान जारी गर्ने दिन नजिकिँदै गर्दा तराई मधेशमा आन्दोलन जारी छ । सुरक्षा अवस्था सुधार भएका जिल्लामा लगाइएको कर्फ्यू खुकुलो पारिएको छ भने कहीँ निषेधाज्ञाको अवधि थप गरिएको छ । सरकारले थरुहट तथा थारुवान संयुक्त सङ्घर्ष समितिलाई वार्ता आउन आग्रह गर्दै पत्राचार गरेको छ ।

### उल्लेख्य

- मधेसी मोर्चाका प्रदर्शनकारी र प्रहरीबीच भदौ २९ गते रुपन्देहीको बेथरीमा भएको झडपमा प्रहरीको गोली लागी स्थानीय १० वर्षीय चन्द्रकुमार पटेलको मृत्यु भएको छ ।
- सर्वोच्च अदालतले तराई मधेश लगायत देशका विभिन्न क्षेत्रमा भइरहेको आन्दोलनमा रसायनयुक्त हातहतियारको प्रयोग नगर्न सरकारको नाममा अन्तरिम आदेश जारी गरेको छ ।
- थरुहट प्रदेशको माग गर्दै आन्दोलन गरिरहेको थरुहट तथा थारुवान संयुक्त सङ्घर्ष समितिलाई वार्तामा आउन आग्रह गर्दै सरकारले भदौ २९ गते पत्र पठाएको छ ।
- नेपाली सेनाले आफूलाई दिएको जिम्मेवारी पूरा गरेर मात्र ब्यारेकमा फर्किने स्पष्ट पारेको छ । नेपाली सेनाले भदौ २९ गते एक प्रेस विज्ञप्ति जारी गरी दङ्गाग्रस्त क्षेत्रमा स्थानीय प्रशासनको सहयोगका निमित्त खटिएको स्पष्ट पार्दै आफ्नो जिम्मेवारी गरेर मात्र ब्यारेकमा फर्कने जनाएको छ ।
- कर्फ्यूको अवज्ञा गरेको गरेको आरोपमा सुरक्षाकर्मीले टीकापुर बसपार्क नजिकै भदौ २८ गते बेलुकी आठ बजे गोली चलाउँदा टीकापुर नगरपालिका-९ का दीपक विश्वकर्मा घाइते भएका छन् । घाइते विश्वकर्माको बाँया कुइनामा गोली लागेको छ ।
- जनकपुरमा लगाइएको कर्फ्यू र दङ्गा क्षेत्र भदौ २९ गते विहान ९ बजेदेखि हटाइएको छ । भदौ २५ गते प्रहरीको गोली लागी मृत्यु भएका तीन जनाको शव दाहसंस्कार गर्नका लागि आज बिहान बसेको जिल्ला सुरक्षा समितिको बैठकले कर्फ्यू र दङ्गा क्षेत्र हटाउने निर्णय गरेको हो ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- कन्काई नपा-३ स्वतन्त्र बत्तीत्तसा क्लबमा अज्ञात समूहले भदौ २८ गते राति राखेको बम भदौ २९ गते निष्कृय पार्न भनी कार्यालयतर्फ लैजाने क्रममा विष्फोट हुँदा इलाका प्रहरी कार्यालय सुरुङ्गाका तीन जना प्रहरी घाइते भएका छन् ।
- दङ्गाग्रस्त क्षेत्र उल्लङ्घन गरी प्रदर्शन गर्ने दर्जनभन्दा बढी प्रर्दशनकारीलाई भदौ २९ गते बिहान बीरगञ्जको आर्दशनगरबाट प्रहरीले गिरफ्तार गरेको छ ।
- हरितालिका तीज र विश्वकर्मा पूजालाई मध्यनजर गर्दै थरुहट/थारुवान संयुक्त सङ्घर्ष समिति, दाङले भदौ २८ गतेदेखि अर्को निर्णय नहुदाँसम्म बन्दको कार्यक्रम फिर्ता लिएको छ ।
- तराई मधेस लोकतान्त्रिक पार्टीका सहमहामन्त्री जितेन्द्र सोनल र जिल्ला अध्यक्ष नवलकिशोर सिंहलाई उद्योग तथा खाद्यान्न गोदामहरू जबर्जस्ती बन्द, ढुवानीका लागि पार्किङ गरिएको ट्रकहरूमा तोडफोड गरी आगजनी गरेको आरोपमा भदौ २९ गते नितनपुर, बाराबाट प्रहरीले गिरफ्तार गरेको छ ।
- भदौ २५ गते जनकपुरमा प्रहरीको गोली लागेर मृत्यु भएका तीन जनाको शवलाई भदौ २९ गते सामुहिक अन्त्येष्टी गरिएको छ । घटनाको पाँचौ दिन मंगलबार अस्पतालबाट ट्रिपरमा राखेर जनकपुर नगरपरिक्रमा गराइएको थियो ।
- थरूहट/थारूवान सङ्घर्ष समिति र मधेशी मुक्ति मोर्चाले बर्दिया जिल्लामा दुई दिन बन्द खुकुलो पारेको जनाएका छन् ।
- सरकारले दमनको नीति लिएको भन्दै संयुक्त थरुहट मधेस सङ्घर्ष समिति बाँकेले सञ्चालनमा आएका विद्यालयसमेत बन्द गराएको छ ।
- थरुहट संयुक्त सङ्घर्ष समिति, उदयपुरले तीन दिनका लागि आमहड्तालका कार्यक्रम स्थगन गरेसँगै बजारमा सर्वसाधारणको चहलपहल बढेको छ ।
- मधेश आन्दोलनको क्रममा प्रहरीको गोली लागी मारिएका ६ जनाको भदौ २९ गते जलेश्वरमा सामूहिक शवयात्रा निकालिएको छ । शव यात्रा घटनाको सातौँ दिन निकालिएको हो ।
- विराटनगरका सञ्चारकर्मी तथा मानवअधिकारकर्मीले स्वतन्त्र, निर्भय र निर्वाधरूपमा काम गर्ने वातावरण बनाउन आन्दोलनरत मधेश केन्द्रित दलहरूको भदौ २९ गते ध्यानाकर्षण गराएका छन् ।
- संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आन्दोलन अनियन्त्रित हुँदै गएपछि जिल्ला प्रशसान कार्यालयले भैरहवा नगरमा जारी गरेको निषेधाज्ञाको अवधि फेरि थप गरेको छ । भैरहवामा भदौ ४ गतेदेखि लगाएको निषेधाज्ञा असोज ३ गतेसम्मका लागि थप गरिएको हो ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline